राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ मंसीर १३ गते

## डा. गोविन्द के.सी.को जीवन रक्षा गरी सार्थक वार्ताबाट समस्याको समाधान गर्न आग्रह

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र शिक्षा अन्तर्गत भएका अनियमितताहरुको अन्त्य, नयाँ चिकित्सा शिक्षा ऐन, वरिष्ठताक्रमका आधारमा डीनको नियूक्ति, लगायतका मागहरु राखी यही मिति २०७३ कार्तिक २८ गते देखि अनसनरत डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्थाको सम्बन्धमा आयोगले नियमित अनुगमन गरको छ र निजको स्वास्थ्य अवस्था, निरन्तरको अनसन, सम्झौता र कार्यान्वयनमा देखिएको ढिलासुस्ती प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको अनुगमन टोलीले डा. के.सी. र उपचारमा संलग्न चिकित्सकहरुसँग वहाँको स्वास्थ्य अवस्थाको सम्बन्धमा जानकारी लिएको छ । पटक-पटकको अनसनका कारण के.सी.को स्वास्थ्य अवस्था कमजोर बन्दै गएको, मुटुको चाल घटबढ भएको, रोग प्रतिरोधात्मक क्षमता कमजोर बन्दै गएको, आयोगको अनुगमनको क्रममा बुझिएको छ ।

यस सम्बन्धमा आयोगले २०७३ मंसीर १२ गते स्वास्थ्य मन्त्रालयलाई पत्राचार गरी ध्यानाकर्षण समेत गराएको छ । विरोधको स्वरुप जस्तोसुकै भएपनि व्यक्तिको स्वास्थ्य उपचार जीवनको अधिकारसँग जोडिएकोले निजको जीवनरक्षाप्रति संवेदनशील हुन आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ । आयोग अनसनरत चिकित्सक डा. के.सी र नेपाल सरकारलाई सार्थक वार्ता र संवादबाटै समस्याको समाधान खोज्न र यसप्रकारको घटनालाई पुनरावृत्ति हुन नदिन समेत आग्रह गर्दछ ।

साथै, सरकारी अस्पतालका भवनहरु तथा उपचारका उपकरणहरु जीर्ण बन्दै गएका, पीउने पानीको अभाव, फोहोरको सही व्यवस्थापन नहँदा अस्पताल क्षेत्रमा दुर्गन्ध फैलिने, लगायतका समस्याहरु देखिएकोले अस्पतालहरुमा स्वच्छ पीउने पानी, खाना, शौचालय लगायतका भौतिक सामाग्रीहरुको उपलब्धता र गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

..................

मोहना अन्सारी
सदस्य/प्रवक्ता